२०७७ असोज

# वार्षिक प्रगति विवरण

## आर्थिक वर्ष २०७६/०७७



# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# बागमती प्रदेश, हेटौंडा

फोन नम्बर:०५७-५२२३८५,०५७-२२३८७

फ्याक्स:०५७-५२७५०७

वेवसाइट: ocmcm.bagamati.gov.np

# प्रदेश सरकार

# वार्षिक प्रगति विवरण

# आर्थिक वर्ष २०७६/०७७

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## बागमती प्रदेश

## हेटौंडा

फोन नम्बर:०५७-५२२३८५,०५७-२२३८७

फ्याक्स:०५७-५२७५०७

वेवसाइट: **ocmcm.bagamati.gov.np**

इमेल: **ocmcm@bagamati.gov.np**

## प्राक्कथन

प्रदेश सरकार, बागमती प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयले आर्थिक वर्ष २०७६/०७७ मा सरकारको नीति तथा कार्यक्रम, वार्षिक बजेट तथा कार्यक्रम एवम् नेपाल सरकारबाट प्राप्त भएको अनुदान अन्तर्गतका कार्यक्रमलगायत नियमित रूपमा सम्पादन गर्नुपर्ने क्रियाकलापहरूमा हासिल गरेका उपलब्धिहरूको सँगालोको रूपमा यो प्रतिवेदन तयार गरिएको छ । प्रदेश सरकार कार्यविभाजन नियमावली अनुसार सम्पादन हुनुपर्ने कार्यहरू तथा कोभिड-१९ को रोकथाम एवम् नियन्त्रण गर्ने कार्यहरूको प्रगति पनि यसमा समावेश गरिएको छ। साथै प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमअन्तर्गतका क्रियाकलापहरूको प्रगति पनि समाविष्ट छन्।

यस कार्यालयबाट वर्षभरिमा सम्पादन भएका कार्यक्रमहरूको यथार्थ अवस्था नागरिक समक्ष पुऱ्याई, नागरिकहरूलाई सुसूचित गराउन, एवम् कार्यशैलीमा पारदर्शीता कायम गर्ने उद्देश्यले यो प्रतिवदेन प्रकाशन गरिएको छ। यस प्रकाशनले सूचना प्रवाह गर्नेमात्र नभई कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू समयमा नै पहिचान गरी आगामी आर्थिक वर्षमा त्यस्ता समस्या दोहोरिन नदिन पनि मार्गदर्शन गर्नेछ भन्ने विश्वास लिइएको छ ।

नेपालको संविधानबमोजिम हाम्रो सङ्घीयता सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भन्ने संविधानको मर्मको पालनामा प्रदेश सरकार सदैव प्रतिबद्ध छ। यस्तो प्रतिबद्धता नीति /योजना निर्माण एवम् कार्यक्रम तर्जुमाको क्रममा प्रतिबिम्बित भएकै छन् । कार्यान्वयनमा आगामी दिनमा अझै सुधार आवश्यक देखिन्छ । कार्य सम्पादनलाई नागरिकमैत्री सेवा उपलब्ध गराउने कार्यसँग जोड्नका साथै सार्वजनिक खर्चमा प्रभावकारिता, लागत प्रभावी र सदाचार कायम गर्न सबैको सहयोग हुने अपेक्षा लिइएको छ। प्रस्तुत प्रतिवेदन तयार गर्न सहयोग पुऱ्याउनुहुने प्रदेश सरकारका विभिन्न मन्त्रालय एवम् यस कार्यालय खासगरी शासकीय सुधार महाशाखाका कर्मचारीहरूमा धन्यवाद दिन चाहन्छौं। प्रस्तुत प्रतिवेदन, पारदर्शिता कायम गर्नका साथै सेवा ग्राही एवम् सरोकारवालाहरूलाई उपयोगी हुनेछ भन्ने विश्वास लिइएको छ । यसमा रहेका कमी कमजोरी औंल्याई सुझाव दिनुहुनेछ भन्ने अपेक्षा समेत लिइएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

बागमती प्रदेश

२०७७ असोज

विषय सूची

भाग १ ........................................................................................१

कार्यालयको परिचय ...........................................................................१

१.१. पृष्ठभूमि : ..................................................................................१

१.२. सोच : ......................................................................................१

१.३. उद्देश्यहरू : ................................................................................१

१.४. रणनीति : ..................................................................................२

१.५. कार्यक्षेत्र : ..................................................................................२

१.६. सङ्गठन संरचना तथा स्वीकृत दरबन्दी : ...................................................४

१.७. कार्यालयको स्वीकृत दरबन्दी विवरण तालिका : ............................................५

भाग २ ........................................................................................६

नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था .......................................................६

२.१. वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था : ..........................................६

२.२. वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्थाः ...........................................७

२.२.१ जम्मा विनियोजन र खर्चको अवस्थाः ...........................................................७

२.२.२ क्रियाकलापगत कार्यान्वयनको अवस्थाः .........................................................७

२.२.३ प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमः ..................................................९

२.२.४ समग्र प्रगतिको अवस्थाः ....................................................................१०

२.२.५ कोभिड १९ सङ्क्रमण रोकथाम तथा उपचारसँग सम्बन्धित मुख्य मुख्य कार्यहरूः ....................१३

क. नीतिगत व्यवस्था ............................................................................१३

ख. स्रोतगत व्यवस्था ............................................................................१३

ग. संरचनात्मक व्यवस्था .........................................................................१३

घ. समन्वयात्मक व्यवस्था ........................................................................१४

ङ. प्रदेश र स्थानीय तहबिचको समन्वय ...........................................................१४

च. प्रमुख जिल्ला अधिकारीसँग Video Conference मार्फत छलफल .......................................१४

छ. बागमती प्रदेश कोरोना भाइरस रोकथाम तथा नियन्त्रण खातामा विभिन्न व्यक्ति तथा सङ्घ संस्थाको तर्फबाट प्राप्त सहयोग रकम र कोषबाट भएको निकासा .............................................१५

भाग ३ ........................................................................................१६

मुख्य समस्याहरू तथा आगामी कार्यदिशा ..........................................................१६

# कार्यकारी सारांश

प्रदेश सरकार, बागमती प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आर्थिक वर्ष २०७६/०७७ मा सम्पादन भएका क्रियाकलापहरूलाई समेटी बागमती प्रदेशको सूचनाको हकसम्बन्धी ऐन, २०७६ को दफा ४ को प्रयोजनका लागि समेत जारी गर्नुपर्ने र सार्वजनिक खर्चको प्रभावकारिता र पारदर्शिताका क्षेत्रमा नागरिकहरूलाई सुसूचित गर्न यो वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरिएको छ ।

यस प्रतिवेदनमा कार्यालयको सोच, उद्देश्य, रणनीति, कार्यक्षेत्र, सङ्गठन संरचना, दरबन्दी तथा पदपूर्ति आदिको अवस्था समेटिनुका साथै प्रदेश सरकारको नीति तथा कार्यक्रमअनुसार यस कार्यालयसँग सम्बन्धित नीति तथा कार्यक्रम र वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्थासमेत समेटिएको छ ।

आर्थिक वर्ष २०७६/०७७ मा यस कार्यालयका लागि जम्मा रु. ३०,९६,९६,०००।- बजेट विनियोजन भएको थियो। जसमा चालु तर्फ रु. २५,६०,९६,०००।०० र पूँजीगत तर्फ रु. ५,३६,००,०००।०० थियो। यस आर्थिक वर्षमा चालु तर्फ रु. ६,९५,९७,५४८।४० खर्च भएको छ, जुन विनियोजनको २७.१७ प्रतिशत हो भने पुँजीगत तर्फ रु. ७१,६८,४१३।०० खर्च भएको छ, जुन विनियोजनको १३.३३ प्रतिशत हुन आउँछ। स्थायी संरचना तयार गर्न आवश्यक जग्गा प्राप्त नहुनु, प्रदेशलाई आवश्यक पर्ने कर्मचारी अभाव र कोभिड-१९ को प्रभाव समेतको कारणबाट उक्त अवधिमा कार्यक्रमहरू सञ्चालन गर्न नसकिएको कारणले समयमा नै तोकिएको लक्ष्यअनुसार कार्य सम्पन्न हुन नसकेको अवस्था विद्यमान छ।

यस कार्यालयमा रहेको मन्त्रिपरिषद् बैठक तथा प्रशासन महाशाखा, शासकीय सुधार तथा योजना महाशाखा, कानुन तथा संवैधानिक मामिला महाशाखाबाट सम्पादन भएका क्रियाकलापहरूका साथै कोभिड-१९ सङ्क्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धमा सम्पादन भएका क्रियाकलापहरू र यस वर्ष प्रदेश सरकार गठन भएको दुई वर्षको अवधि पुरा भएको उपलक्ष्यमा प्रदेश सरकारको काममा उल्लेखनीय योगदान पुऱ्याउनुहुने २० जना कर्मचारीहरू / विभिन्न क्षेत्रका, नागरिक सेवा प्रवाह, नव प्रवर्तन तथा सिर्जनशीलता, सामाजिक तथा सांस्कृतिक क्षेत्र, सहकारी तथा सामुदायिक बचत, आम सञ्चार क्षेत्रका ११ व्यक्ति तथा संस्थाहरूलाई जनही नगद रु. २५,०००।०० (पच्चीस हजार) तथा सम्मान पत्रबाट सम्मानित गरिएको छ।

# भाग १

## कार्यालयको परिचय

### १.१. पृष्ठभूमि :

विक्रम सम्वत्  २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानअनुसार शासकीय स्वरूप एकात्मकबाट सङ्घीय ढाँचामा रूपान्तरण भए पश्चात् शासन प्रणालीमा सङ्घ, प्रदेश र स्थानीय तहको गठन भई निर्वाचित जनप्रतिनिधि मार्फत २०७४ साल माघ २९ गते प्रदेश सरकार, गठन भएको थियो। संविधानतः प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने कार्य प्रदेश सरकारले गर्दछ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय प्रदेश सरकारको प्रमुख प्रशासनिक निकायका रूपमा रहेको छ। राजनीतिक र प्रशासनिक दुवै दृष्टिकोणले महत्त्वपूर्ण निर्णय लिने, निर्देशन दिने र समन्वय एवम् नियन्त्रण गर्ने कार्यालय भएको हुँदा यो प्रदेशको प्रशासनको केन्द्रविन्दुकोरूपमा रहेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रदेश मन्त्रिपरिषद्सम्बन्धी कार्य, प्रदेश सरकारको नीति तर्जुमा, प्रदेशभित्रका सार्वजनिक प्रशासन र सेवाको सुदृढीकरण, प्रदेशका सबै मन्त्रालयहरूको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, परीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कन एवम् सूचनाप्रविधि प्रयोग र अभिलेख व्यवस्थापनसम्बन्धी कार्यहरू यस कार्यालयको कार्यक्षेत्रभित्र पर्ने भएकोले पनि यसको सक्रियता र प्रभावकारिताले अन्य मन्त्रालयहरूको कार्यसम्पादनस्तरलाई प्रभावकारी बनाउन सघाउ पुग्दछ। अत: आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम र वार्षिक बजेटअनुसार सम्पादन भएका क्रियाकलापहरूको आधारमा यो प्रगति प्रतिवेदन तयार गरिएको छ ।

### १.२. सोच :

“सुसंस्कृत र सुखी जनता: समाजवाद उन्मुख समृद्ध प्रदेश”

### १.३. उद्देश्यहरू :

- सङ्घीय शासन प्रणाली अनुरूप नागरिकलाई नजिकको विन्दुबाट सेवा प्रवाह गर्न आवश्यक संस्थागत संरचनागत पूर्वाधार विकास गरी नागरिकको जीवनस्तरमा सुधार ल्याउनु
- प्रदेश र स्थानीय तहमा निष्ठावान्, सक्षम, इमान्दार र गतिशील नेतृत्व विकास गर्नु
- मजबुत प्रादेशिक शासन प्रणालीमा आधारित भई समृद्ध प्रदेश निर्माण गर्नु
- समृद्ध प्रदेश विकासका लागि मजबुत शासन प्रणाली स्थापना गर्नु
- प्रदेशभित्र पारदर्शिता, जवाफदेहीता, जनउत्तरदायी, सदाचारयुक्त र आधुनिक प्रविधिमा आधारित विधिको शासन सुनिश्चित गर्नु
- भ्रष्टाचार नियन्त्रण गरी सदाचार युक्त समाज निर्माण गर्नु
- सुदृढ तह गत सम्बन्ध र उपलब्धि मुखी अन्तर सरकार समन्वय गरी गुणस्तरीय सेवा प्रवाह गर्नु

- सार्वजनिक सेवालाई भरपर्दो, सुलभ, गुणस्तरीय र पहुँच योग्य बनाई विकास प्रक्रियालाई अपेक्षाकृत बनाउनु।

## १.४. रणनीति :

सुसंस्कृत र सुखी जनता: समाजवाद उन्मुख समृद्ध प्रदेश निर्माण गर्न आवश्यक कानून निर्माण गर्ने, कार्यान्वयनमा ल्याउने, सुशासन कायम गर्ने, सेवा प्रवाहमा सुधार ल्याउने, क्षमता विकास गर्ने, स्थानीय तह र सङ्घसँग समन्वय गर्ने, विकास निर्माणका काममा नियमन र सहजीकरण गर्ने।

## १.५. कार्यक्षेत्र :

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी निम्नानुसार रहेको छः

- प्रदेश मन्त्रीपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी
- प्रदेशभित्रको शासनको व्यवस्थाको सामान्य निर्देशन नियन्त्रण र सञ्चालन
- प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन
- प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन
- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा कार्यान्वयन
- प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण
- प्रदेश मन्त्रिपरिषदका निर्णयको कार्यान्वयन र अनुगमन
- प्रदेश मन्त्रिपरिषद्मा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण
- प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी र सम्बोधन
- मानव अधिकारको संरक्षण र प्रवर्द्धन
- सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार
- प्रदेशभित्रका संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य सङ्घीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय
- सङ्घीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन
- प्रदेश प्रमुखको सम्पर्कसम्बन्धी विषय (प्रतिवेदन समेत)
- अन्तरप्रदेश परिषद् र सङ्घ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध
- प्रदेश स्तरका आयोग तथा निकायहरूको गठन एवम् सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवम् सेवा, सुविधासम्बन्धी नीति तथा कानुनको तर्जुमा र कार्यान्वयन
- निर्वाचन कार्यमा सहयोग र समन्वय
- प्रदेशस्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन

- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन
- प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण
- प्रदेश स्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवम् समन्वय
- प्रदेश स्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवा ग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन
- गाउँपालिका तथा नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्थापन सम्बन्धी कानून तर्जुमा


## १.६. सङ्गठन संरचना तथा स्वीकृत दरबन्दी :

प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

बागमती प्रदेश, हेटौंडा

सङ्गठन संरचना



## १.७. कार्यालयको स्वीकृत दरबन्दी विवरण तालिका :

| क्रम | पद | श्रेणी/तह | सेवा | समूह | मौजुदा दरबन्दी | पदपूर्तिको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख सचिव | विशिष्ट श्रेणी | प्रशासन | | १ | १ |
| २ | सचिव | रा.प.प्र. | प्रशासन | सा.प्र. | २ | २ |
| ३ | सचिव | रा.प.प्र. | न्याय | कानून | १ | ० |
| ४ | उप-सचिव (प्र.) | रा.प.द्वि. | प्रशासन | सा.प्र. | ७ | १ |
| ५ | उप-सचिव (कानून) | रा.प.द्वि. | न्याय | कानून | १ | १ |
| ६ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | ८ | ८(१ सङ्घीय) |
| ७ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | १ |
| ८ | कम्प्युटर अधिकृत | रा.प.तृ. | विविध | | १ | १ |
| ९ | कम्प्युटर इन्जिनियर | रा.प.तृ. | विविध | | ० | ० |
| १० | नायब सुब्बा | रा.प.अन.प्रथम | प्रशासन | सा.प्र. | १० | ६(१ अस्थायी) |
| ११ | लेखापाल | रा.प.अन.प्रथम | प्रशासन | लेखा | ० | ० |
| १२ | कम्प्युटर अपरेटर | रा.प.अन.प्रथम | विविध | | ४ | २ (१ करार) |
| १३ | खरिदार | रा.प.अन.द्वि | प्रशासन | सा.प्र. | २ | २ |
| १४ | सह लेखापाल | रा.प.अन.द्वि | प्रशासन | लेखा | १ | १ |
| १५ | सहायक कम्प्युटर अपरेटर | रा.प.अन.द्वि | विविध | | ० | ० |
| १६ | हलुका सवारी चालक | श्रेणीविहीन | | | ६ | ६ |
| १७ | कार्यालय सहयोगी | श्रेणीविहीन | | | ७ | ७ |
| | जम्मा | | | | ५२ | ४० |

## भाग २

## नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था

यस भागमा आर्थिक वर्ष २०७६/०७७ मा प्रदेश सरकारको नीति तथा कार्यक्रम, वार्षिक कार्यक्रम तथा बजेट,प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यक्रम कार्यान्वयन अवस्था समावेश गरिएको छ।

### २.१. वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था :

| बजेट वक्तव्यको बुँदा नं. | कार्यक्रमको नाम | कार्यसम्पादनको यथार्थ अवस्था |
|---|---|---|
| १५ | सम्पत्ति विवरण व्यवस्थापन | स्थानीय तहहरूबाट प्राप्त सम्पत्ति विवरणको व्यवस्थापन गरिएको<br>प्रदेश सरकारअन्तर्गत रहने निजामती कर्मचारी एवम् अन्य सरकारी कर्मचारीको वैयक्तिक विवरणलाई व्यवस्थित गर्न र प्रदेशले राख्नुपर्ने सम्पत्ति विवरण सुरक्षित एवम् सूचना प्रविधिमा आधारित बनाउन बजेटको व्यवस्था |
| १६ | कार्य सम्पादन करार<br>नव प्रवर्तन र सिर्जनाशीलता पुरस्कार कार्यक्रम | **आवश्यक कानुनी प्रक्रिया पुरा गरिएको** |
| १७ | प्रदेश सरकारको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण | प्रदेश सरकारको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी अध्ययन गरी मस्यौदा तयार गरिएको । |
| १८ | ललितपुरको जाउलाखेलमा नेपाल सरकारबाट प्राप्त जग्गामा सुशासन केन्द्र निर्माण तथा सञ्चालन | ललितपुरको जाउलाखेलमा नेपाल सरकारबाट प्राप्त जग्गामा अवस्थित महिला विकास प्रशिक्षण केन्द्रको सम्पूर्ण संरचना प्रदेश सरकारमा हस्तान्तरणको चरणमा |

## २.२. वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्थाः

### २.२.१ जम्मा विनियोजन र खर्चको अवस्थाः

कार्यालयको बजेट उपशीर्षकमा विनियोजन भएको जम्मा बजेट र सोको अवस्था देहायबमोजिम रहेको छः

| क्र. सं. | ब.उ.शी.नं. | कुल बजेट | आ.व. २०७६/७७ को | | कैफियत |
|---|---|---|---|---|---|
| | | | खर्च रु. | खर्च प्रतिशत | |
| १ | ३०१०००११३ (चालू) | २५६०९६००० | ६९५९७५४८.४ | २७.१७ | |
| २ | ३०१०००११४ (पुँजीगत) | ५३६०००० | ७१६८४१३ | १३.३३ | |
| | **कुल जम्मा** | **३०९६९६०००** | **७६७६५९६१.४** | **२४.७८** | |

### २.२.२ क्रियाकलापगत कार्यान्वयनको अवस्थाः

यस कार्यालयको बजेट उपशीर्षक अन्तर्गत रहेका विभिन्न क्रियाकलाप र ती क्रियाकलाप कार्यान्वयनको अवस्था देहायबमोजिम रहेकोछः

| क्र. सं. | बजेट उपशीर्षक नं. | ख.शी.नं. | कार्यक्रमको नाम | कुल बजेट | आ.व. २०७६/७७ को | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | खर्च | प्रगति % | |
| | | | | | | भौतिक | वित्तीय |
| १ | ३०१०००११४ | ३१११२ | भवन निर्माण (भवन) मिति २०७७/०२/११ मा अर्थ विविधमा (रु. २०००००० रकमान्तर) | | | | |
| २ | ३०१०००११४ | ३११५९ | कार्यालय हाताभित्र इन्टरलक बिछ्याउने कार्य | १०००००० | ० | ० | ० |
| ३ | ३०१०००११३ | २२५२२ | अतिथि सत्कार तथा राजकीय समारोह | ३०००००० | ११५३९९ | १०० | ४ |
| ४ | ३०१०००११३ | २२५२२ | सम्पत्ति तथा आन्तरिक नियन्त्रण व्यवस्थापन प्रणालीको विकास (Inventory Management, office automation, PMIS, e-attendance, intercom management) | २०००००० | २३५२०० | १०० | ११.७६ |
| ५ | ३०१०००११३ | २२५२२ | शासकीय सुधार तथा व्यवस्थापन परीक्षण कार्यक्रम | १०००००० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | ३०१०००११३ | २२५२२ | डिजिटल डिस्प्ले तथा स्मार्ट कक्ष सञ्चालन | १८००००० | ० | ० | ० |
| ७ | ३०१०००११३ | २२५२२ | जनतासामु प्रदेश सरकार अन्तरसंबाद कार्यक्रम (मुख्य मन्त्रीसँग स्थानीय तह र आम नागरिक हटलाइन संवाद कार्यक्रम) | ४८००००० | १०३९९९<br>७ | १०० | २२ |
| ८ | ३०१०००११३ | २२५२२ | भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अभियानमुखी कार्यक्रम | ४०००००० | ० | ० | ० |
| ९ | ३०१०००११३ | २२५२२ | प्रदेश सरकारका कर्मचारी क्षमता विकास कार्यक्रम | ९९००००० | ० | ० | ० |
| १० | ३०१०००११३ | २२५२२ | खरिद व्यवस्थापन अभिमुखीकरण कार्यक्रम | २०००००० | ० | ० | ० |
| ११ | ३०१०००११३ | २२५२२ | सङ्घ/संस्था एवम् उत्कृष्ट कर्मचारी प्रोत्साहन तथा वार्षिकोत्सव समारोह कार्यक्रम | ३०००००० | १०००९५<br>२ | १०० | ३३.३६ |
| १२ | ३०१०००११३ | २२५२२ | प्रदेश निजामती कर्मचारी अभिलेख केन्द्र व्यवस्थापन कार्यक्रम (नीतिगत तथा संस्थागत बन्दोबस्त र तालिम | १०००००० | ० | ० | ० |
| १३ | ३०१०००११३ | २२५२२ | प्रदेश विकास समस्या समाधानका लागि अनुगमन, मूल्याङ्कन तथा सहजीकरण कार्यक्रम जि.स.स.मा जाने अनुदानको कार्य प्रगति अनुगमन मूल्याङ्कनसमेत | २०००००० | ० | ० | ० |
| १४ | ३०१०००११३ | २२५२२ | पुस्तकालय व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | १०००००० | ० | ० | ० |
| १५ | ३०१०००११३ | २२५२२ | अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम | २४००००० | २७६०९३ | ३३ | ११.५ |
| १६ | ३०१०००११३ | २२५२२ | प्रदेश सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण | ३०००००० | ० | ० | ० |
| १७ | ३०१०००११३ | २२५२२ | भ्रष्टाचार निवारण सम्बन्धी रणनीति कार्यान्वयनगर्न कार्ययोजना निर्माण र अन्तरक्रिया | १०००००० | २९५३२५ | ७० | २९.५ |
| १८ | ३०१०००११३ | २२५२२ | कानून/नियमावली/नीतिको मस्यौदा तयारी/छलफल/गोष्ठी | ३०००००० | ८४४५०० | ९० | २८.१५ |
| १९ | ३०१०००११३ | २२५२२ | जिल्ला समन्वय समिति सहयोग कार्यक्रम | | (७०००००००जि.स.स.लाई अख्तियारी) | | |
| २० | ३०१०००११३ | २२५२२ | इन्टरनेट क्षमता वृद्धि र नेटवर्किङ | १०००००० | ४३९०५१ | १०० | ४४ |
| २१ | ३०१०००११३ | २२५२२ | योजना अनुगमन तथा मूल्याङ्कनका लागि सूचना | १५००००० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | व्यवस्थापन प्रणाली थप र फलोअप डेक्स राख्ने | | | | |
| २२ | ३०१०००११३ | २२५२२ | कार्यविधि रणनीति निर्देशिका | ३०००००० | २०६९०२ | १०० | ७ |
| २३ | ३०१०००११३ | २२५२२ | प्रदेश समन्वय परिषद्को बैठक | २०००००० | ० | ० | ० |
| २४ | ३०१०००११३ | २२५२२ | प्रदेश सार्वजनिक सेवाप्रवाह सम्बन्धी अभिमुखीकरण कार्यक्रम (प्रत्येक जिल्लामा वर्षको एक पटक) | २६००००० | ० | ० | ० |
| २५ | ३०१०००११ | २२५२२ | आगामी वर्षको नीति कार्यक्रम लागि छलफल, गोष्ठी, सेमिनार र सोको प्रतिवेदन | २६००००० | १३८२३३ | ७० | ५.३१ |
| २६ | ३०१०००११३ | २२५२२ | प्रदेश विकास कार्यक्रम (विशेष) | | २८०००००० मा मिति २०७६/०९/१६ मा रु.२१०००००० आ.मा. तथा यो.म. फिर्ता भएको | | |
| २७ | ३०१०००११३ | २२५२२ | स्थानीय तहको पदाधिकारीको क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम | २४००००० | ० | ० | ० |
| २८ | ३०१०००११३ | २२५२२ | प्रदेश सार्वजनिक प्रशासन गुरुयोजना तर्जुमा (अन्य) | ६००००० | ६७६१९ | ५० | ११.२६ |
| २९ | ३०१०००११३ | २२५२२ | सम्पत्ति विवरण व्यवस्थापन (अन्य) | ५००००० | ० | ० | ० |
| ३० | ३०१०००११३ | २२५२२ | मानव अधिकार दिवस समारोह (अन्य) | १००००० | ९५१८९ | १०० | ९५.१८ |
| ३१ | ३०१०००११३ | २२५२२ | सूचना प्रवाह र व्यवस्थापन (अन्य) | ८००००० | ४११६७ | १०० | ५.१४ |
| | | | जम्मा | १४२०००००० | ४८७५६२७ | | ३.४३ |

यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रमअनुसार ३१ वटा योजना तथा कार्यक्रमहरूमा रु. १४,२०,००,०००।०० विनियोजन गरिएकोमा रु. ४८,७५,६२७।०० खर्च भएको छ । प्रदेश सरकारको स्थायी राजधानी यकिन भएपछि मात्र स्थायी संरचना निर्माण गर्ने सोचअनुसार आर्थिक वर्षको आधा समय काम नभएको तत्पश्चात् कोभिड १९ प्रभावबाट कतिपय कामहरू सम्पन्न हुन नसकेको अवस्था रहेकोले वित्तीय प्रगतिकम भएको हो ।

### २.२.३ प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम:

यस कार्यक्रम अन्तर्गतको प्रगति देहायबमोजिम रहेको छ:

- नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबिच प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) सञ्चालनार्थ मिति २०७६ कार्तिक २८ गते एक समझदारी पत्रमा हस्ताक्षर कार्य सम्पन्न भयो ।

- मिति २०७६ मंसीर ५ गते माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेलज्यूको संयोजकत्वमा प्रदेश समन्वय समितिको बैठक सम्पन्न भयो । उक्त बैठकबाट प्रदेश समन्वय समितिमा मनोनित सदस्यहरूको सम्बन्धमा निर्णय भयो ।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको हाताभित्र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको कार्यालयका लागि आवश्यक फर्निचर तथा कार्यालय सामानहरूको खरिद गरी कार्यालय संरचनाको तयारी सम्पन्न भयो ।
- यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७६।०७७ मा प्रदेश सरकारको सूचनाप्रविधि तथा विद्युतीय शासन सुदृढीकरण गर्ने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग र प्रदेश सभाको वेबसाइटलाई नेपाल सरकारले तोके बमोजिमको ढाँचामा तयार गरी सञ्चालनमा ल्याइयो साथै उक्त वेबसाइटलाई अद्यावधिक गर्न सम्बन्धित मन्त्रालयको कर्मचारीलाई क्षमता अभिमुखीकरण तालिम पनि सम्पन्न गरियो ।
- मिति २०७७ जेठ १६ गते बागमती प्रदेशका माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेलज्यूको संयोजकत्वमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको समन्वय समितिको बैठक सम्पन्न भयो । उक्त बैठकले आर्थिक वर्ष २०७६/०७७ का लागी निर्धारित कार्यक्रमहरूमध्ये कोरोना सङ्कट न्यूनीकरण भई लकडाउनको अन्त्य भएमा सम्भव भएसम्मका कार्यक्रम सञ्चालन गर्नुका साथै आर्थिक वर्ष २०७७।०७८ ( सन २०२०/०२१) का लागी प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको वार्षिक कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

### २.२.४ समग्र प्रगतिको अवस्थाः

यस कार्यालयबाट सम्पादन भएका कार्यक्रमहरूको समग्र प्रगति अवस्था देहायबमोजिम रहेको छ:

क. सम्पत्ति तथा आन्तरिक नियन्त्रण व्यवस्थापन प्रणालीको विकास (Inventory Management, office automation, PMIS, e-attendance, intercom management) कार्यक्रम अन्तर्गत यस कार्यालयको टेलिफोन नेटवर्किङ तथा विद्युतीय हाजिर प्रणाली व्यवस्थापन गरी आन्तरिक सञ्चार प्रणाली सुदृढीकरण।

ख. अतिथि सत्कार तथा राजकीय समारोह कार्यक्रम अन्तर्गत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशिष्ट व्यक्तित्वहरूको स्वागत तथा सत्कार।

ग. जनता सामु प्रदेश सरकार अन्तर संबाद कार्यक्रम (मुख्यमन्त्रीसँग स्थानीय तह र आम नागरिक हटलाइन संवाद कार्यक्रम) अन्तर्गत नेपाल टेलिभिजन लगायत विभिन्न सञ्चार माध्यमबाट प्रदेशको गतिविधिको सम्बन्धमा जनतालाई सुसूचित गर्न मुख्यमन्त्रीज्यूको साक्षात्कार कार्यक्रम प्रसारण गरिएको।

घ. सङ्घ/संस्था एवम् उत्कृष्ट कर्मचारी प्रोत्साहन तथा वार्षिकोत्सव समारोह कार्यक्रमअन्तर्गत प्रदेश सरकार गठन भएको दुई वर्षको अवधि पूरा भएको उपलक्ष्यमा २०७६ साल माघ २९ गते प्रदेश सरकारको काममा उल्लेखनीय योगदान पुऱ्याउनु हुने २० जना कर्मचारीहरू तथा विभिन्न क्षेत्रहरू,

नागरिक सेवा प्रवाह, नव प्रवर्तन तथा सिर्जनाशीलता, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा, सहकारी तथा सामुदायिक बचत, आम सञ्चार क्षेत्रका ११ व्यक्ति तथा संस्थाहरूलाई जनही नगद रु. २५,०००।- (पच्चीस हजार) तथा सम्मान पत्रबाट सम्मानित गरिएको। पुरस्कृत हुनेको नामावली अनुसूची -१ मा दिइएको छ।

ङ. अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम अन्तर्गत प्रदेश नं.१ र प्रदेश नं.२ मा अनुभव आदान प्रदान गर्ने कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश मन्त्रालयका कर्मचारीहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।

च. भ्रष्टाचार निवारण सम्बन्धी रणनीति कार्यान्वयन गर्न कार्ययोजना निर्माण र अन्तरक्रिया कार्यक्रम अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उच्च पदस्थ कर्मचारी तथा भक्तपुर र काभ्रेपलान्चोक जिल्लाका जनप्रतिनिधिहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरिएको।

छ. कानून/नियमावली/नीतिको मस्यौदा तयारी/छलफल/गोष्ठी र कार्यविधि रणनीति निर्देशिका कार्यक्रम अन्तर्गत प्रदेश सार्वजनिक खरिद नियमावली, प्रदेश सुशासन ऐन, अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधासम्बन्धी ऐन, प्रदेश लोक सेवा आयोग ऐन, प्रदेशस्तरीय एकीकृत अनुदान वितरणसम्बन्धी कार्यविधि लगायत विभिन्न ऐन, नियमावली, कार्यविधि, आदेशहरू तर्जुमा गर्ने कार्यमा समन्वय र सहजीकरण गरिएको।

ज. इन्टरनेट क्षमता वृद्धि र नेटवर्किङ कार्यक्रम अन्तर्गत कार्यालयको इन्टरनेट क्षमता अभिवृद्धि तथा कम्प्युटर नेटवर्किङको क्षमता विस्तार गरिएको।

झ. जिल्ला समन्वय समिति सहयोग कार्यक्रमअन्तर्गत यस प्रदेशका १३ वटा जिल्ला समन्वय समितिलाई कुल रु. ७,००,००,००० खर्च गर्ने अख्तियारी प्रदान गरिएको।

ञ. आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको।

ट. प्रदेश सार्वजनिक प्रशासन गुरुयोजना तर्जुमा (अन्य) कार्यक्रम अन्तर्गत स्टाफ कलेजले प्रदेशको प्रशासनिक गुरु योजना तर्जुमा गर्ने सन्दर्भमा प्रदेश सरकारका विभिन्न पदाधिकारी तथा कर्मचारीसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।

ठ. प्रदेश लोक सेवा आयोगको गठन तथा पदाधिकारीहरूको नियुक्ति भइसकेको ।

ड. प्रदेश सभाको २०७६ पौष २७ गतेको बैठकबाट यस प्रदेशको नाम बागमती र स्थायी राजधानी हेटौंडा तोकिएको ।

ढ. प्रदेश सरकारको सार्वजनिक प्रशासनको सङ्गठन व्यवस्थापन सर्वेक्षण समिति गठन भई समितिले विज्ञलाई जिम्मेवारी दिई विज्ञबाट २ वटा विकल्पसहितको प्रतिवेदन प्राप्त भएको ।

ण. सम्पत्ति विवरण व्यवस्थापन अन्तर्गत १३ वटा जिल्ला समन्वय समिति र ५७ स्थानीय तहहरूको सङ्कलित सम्पत्ति विवरण खामको व्यवस्थापन गरिएको ।

त. प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरूको अभिलेखीकरण साथै सार्वजनिकीकरण गरिएको

थ. "प्रदेश सरकारको दुई वर्ष" पुस्तक प्रकाशन भएको ।

द. क्षमता विकास कार्यक्रम अन्तर्गत २१ जना प्रदेश स्तरका कर्मचारीहरूको सेवाकालीन तालिममा पठाउन मनोनयन गरिएको ।

ध. भ्रष्टाचार नियन्त्रण सम्बन्धमा सन्देशमूलक सूचना एफ.एम. रेडियोबाट प्रसारण तथा सञ्चारकर्मीहरूसँग अन्तरक्रिया कार्यक्रम गरिएको ।

न. अदालतमा प्रदेश सरकार विरुद्ध परेका रिटहरूको लिखित जबाफ पठाइएको

ऩ. कार्यालयको Internet Networking सम्बन्धी कार्य ।

प. कार्यालयको वेब साइट अद्यावधिक नियमित रूपमा भएको ।

फ. स्थानीय तहहरूका लागि भगिनी सम्बन्ध लगायत विभिन्न सिफारिस गरिएको ।

ब. स्थानीय तहको केन्द्र निर्धारण, नाम परिवर्तन तथा वडा सिमाना हेरफेर सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गरिएको ।

भ. प्रदेश निजामती कर्मचारी अभिलेख केन्द्र स्थापना र सञ्चालनका लागि राष्ट्रिय किताबखानासँग अन्तरक्रिया भएको।

## २.२.५ कोभिड १९ सङ्क्रमण रोकथाम तथा उपचारसँग सम्बन्धित मुख्य मुख्य कार्यहरू:

कोभिड -१९ सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट भएका क्रियाकलापहरू देहाय बमोजिम छन्:

**क. नीतिगत व्यवस्था**

१. कोरोना भाइरस सङ्क्रमण, रोकथाम, नियन्त्रण तथा उपचार सहयोग कार्यविधि, २०७६ स्वीकृत

२. नेपाल सरकारबाट तयार भई कार्यान्वयनका लागि प्राप्त नीतिगत व्यवस्थाहरू सम्बन्धित निकायमा पठाइएको

- कोरोना भाइरससम्बन्धी क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७६
- कोरोना भाइरस प्रभावित क्षेत्रहरूका लागि राहत सुविधा प्रदान गर्ने कार्ययोजना, २०७६
- कोरोना महामारी (COVID-19) रोकथाम तथा नियन्त्रणका लागि समुदायमा स्वयंसेवक परिचालन सम्बन्धी मार्गदर्शन, २०७६
- असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ (परिमार्जित)।

**ख. स्रोतगत व्यवस्था**

- कोरोना कोष स्थापना तथा सञ्चालन ।
- सङ्घीय सरकारबाट प्राप्त रकमको परिचालन।
- कोरोना कोषको रकम निकासा, सङ्घ संस्था तथा व्यक्तिबाट जिन्सीसमेत प्राप्त ।

**ग. संरचनात्मक व्यवस्था**

- मुख्य मन्त्रीको संयोजकत्वमा प्रदेश कोरोना संकट व्यवस्थापन केन्द्र (PCCMC) को गठन भई ४ पटक बैठक बसी विभिन्न बुँदामा निर्णय भएको
- आन्तरिक मामिला तथा कानुन मन्त्रीको संयोजकत्वमा प्रदेशस्तरीय कोरोना नियन्त्रण समिति गठन
- सामाजिक विकास मन्त्रीको संयोजकत्वमा स्वास्थ्य व्यवस्थापन समिति गठन
- उद्योग, पर्यटन,वन तथा वातावरण मन्त्रीको संयोजकत्वमा बजार अनुगमन उच्चस्तरीय समिति गठन
- कोरोना भाइरस (COVID-19) सङ्क्रमण रोकथाम नियन्त्रण तथा उपचारसम्बन्धी सर्वदलीय बैठक २०७६।१२।२६ गते सम्पन्न ।

- २०७७ साल वैशाख १० गते मा. मुख्यमन्त्रीज्यू, मा. मन्त्रीज्यूहरू, प्रदेश सभाका मा. सभामुखज्यू, प्रदेश सभाको सदस्यज्यूहरूको सहभागितामा कोभिड-१९ सङ्क्रमणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन सम्बन्धमा छलफल सम्पन्न ।

**घ. समन्वयात्मक व्यवस्था**

- २०७६ साल चैत्र १२ गते मा. उप प्रधानमन्त्रीज्यू र मा. मुख्यमन्त्रीज्यू बिच कोरोना भाइरस (COVID-19) सङ्क्रमण रोकथाम नियन्त्रण तथा उपचारसम्बन्धी Video Conferencing मार्फत छलफल भयो ।
- २०७६ साल चैत्र २९ गते सम्माननीय प्रधानमन्त्रीज्यू र मा. मुख्यमन्त्रीज्यू बागमती प्रदेश बिच कोरोना भाइरस (COVID-19) सङ्क्रमण रोकथाम नियन्त्रण तथा उपचार सम्बन्धमा प्रदेश सरकारबाट सम्पादन भएका कार्यहरूको प्रगति विवरण र प्रदेश सरकार, बागमती प्रदेशले गरेका कार्यका विषयमा Video Conferencing मार्फत छलफल भयो ।
- २०७७ साल असार ४ गते उपप्रधानमन्त्रीज्यू र मा. मुख्यमन्त्रीज्यू बिच कोरोना भाइरस (COVID-19) सङ्क्रमण रोकथाम नियन्त्रण तथा उपचार सम्बन्धी Video Conferencing मार्फत छलफल भयो।

**ङ. प्रदेश र स्थानीय तहबिचको समन्वय**

- माननीय मुख्यमन्त्रीज्यूले सूचना प्रविधिको प्रयोग गर्दै Web Based Video Conference मार्फत ३० वटा स्थानीय तहका प्रमुखहरूसँग कोरोना भाइरस नियन्त्रणका सन्दर्भमा स्थानीय तहबाट गरिएका सम्भावित जोखिम नागरिकहरूको पहिचान (Tracing), परीक्षण (Testing), उपचार (Treatment) र सहकार्य (Team Work), दैनिक ज्याला मजदुरी गर्ने आवश्यक नागरिकलाई राहत वितरण र सम्पादन गरिएका अन्य कार्यहरू जानकारी लिनु भयो ।

**च. प्रमुख जिल्ला अधिकारीसँग Video Conference मार्फत छलफल**

- २०७७ साल वैशाख ११ गते मा. मुख्यमन्त्रीज्यू र मा. आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूले बागमती प्रदेशमा रहेका १३ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूसँग अहिलेको अवस्थामा नागरिकको सुरक्षा व्यवस्था, सामाजिक दूरी पालना गर्ने, विपद् व्यवस्थापन सम्बन्धी कार्य, शान्ति सुरक्षाको प्रभावकारी कार्यान्वयन र बाटोमा अलपत्र परेका व्यक्तिहरूको उद्धारका सम्बन्धमा छलफल गर्नुभयो।

छ. बागमती प्रदेश कोरोना भाइरस रोकथाम तथा नियन्त्रण खातामा विभिन्न व्यक्ति तथा सङ्घ संस्थाको तर्फबाट प्राप्त सहयोग रकम र कोषबाट भएको निकासा

| क्र.सं. | सहयोग कर्ता | आम्दानी | निकासा गरिएको | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | स्थानीय तह तथा निकायहरू | संख्या | दर | जम्मा | |
| १ | प्रदेश सरकारबाट प्राप्त | ४०,००,००,००० | जिल्ला विपद् व्यवस्थापन समिति | १२ | ५,००,००० | ६०,००,००० | |
| २ | प्रदेशका विभिन्न निकायका पदाधिकारी र कर्मचारीबाट प्राप्त | २,४३,२२,४८१.७ | स्थानीय विपद् व्यवस्थापन समिति (महानगरपालिका) | ३ | २०,००,००० | ६०,००,००० | |
| ३ | विभिन्न बैंक तथा सङ्घ संस्था एवम् व्यक्तिबाट प्राप्त | १,९७,०२,२४९.१९ | स्थानीय विपद् व्यवस्थापन समिति(उपमहानगर पालिका) | १ | १५,००,००० | १५,००,००० | |
| ४ | | | स्थानीय विपद् व्यवस्थापन समिति(नगरपालिका) | ४१ | १२,००,००० | ४,९२,००,००० | |
| ५ | | | स्थानीय विपद् व्यवस्थापन समिति(गाउँपालिका) | ७४ | १०,००,००० | ७४,००,००० | |
| | जम्मा | ४४,४०,२४,७३०.८९ | | | | १३,६७,००,००० | |
| | कोषमा मौज्दात रकम | | | | | ३०,७३,२४,७३०.९० | |

## भाग ३

## मुख्य समस्याहरू तथा आगामी कार्यदिशा

### ३.१. कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू देहायबमोजिम रहेका छन्:

- कतिपय पुँजीगत निर्माणसँग सम्बन्धित कार्य गर्न ढिलाई भएको।
- बजेट तर्जुमा गर्दा क्रियाकलापगत बाँडफाँड नभएकोले पछि बाँडफाँड गर्दा समय लागेको ।
- विशेष अनुदानको रु. २८ करोड मध्ये, रु. २१ करोड भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत विकास योजनामा प्रदान।
- जिल्ला समन्वय समितिलाई प्रदान गर्ने अनुदानको कार्यविधि बनाएर मात्रै दिनुपर्ने भएकोले केही ढिलाइ भएको।
- जनशक्ति अभाव ।
- कानुनको अभाव ।
- कोभिड-१९ को कारणबाट सिर्जित अवस्थालाई मध्यनजर गर्दै नेपाल सरकार अर्थ मन्त्रालयबाट मिति २०७६/१२/२० मा चालू आर्थिक वर्षमा स्वीकृत १४ वटा खर्च शीर्षकमा विनियोजित बजेट रोक्का भएकोले ती शीर्षकका कार्यक्रम कार्यान्वयन हुन नसकेको।
- चालू आर्थिक वर्षको कतिपय बजेट तथा कार्यक्रमहरू भौतिक पूर्वाधार निर्माण सम्बन्धी रहेको, प्रदेश सरकारको स्थायी राजधानी र नामाकरण पश्चात् मात्र पूर्वाधार निर्माण गर्ने नीति लिइएकोमा कोभिड-१९ को कारणले भौतिक पूर्वाधार निर्माण सम्बन्धी अधिकांश कार्यक्रमहरू सम्पन्न हुन नसकेको।

### ३.२. आगामी कार्यदिशा

यस आर्थिक वर्षको तेस्रो चौमासिकको अवधि कोभिड-१९ का कारण लकडाउनमा बित्यो । आवागमन र हिँडडुल गर्ने अवस्था रहेन। मुख्य गरेर कार्यक्रम कार्यान्वयन गर्ने समयमा मुलुकले व्यहोर्नुपरेको यस सङ्कटको असर यस कार्यालयको कार्यक्रम कार्यान्वयनमा पनि पर्‍यो। उपलब्ध जनशक्तिलाई पनि रोकथाम र नियन्त्रणमा परिचालन गर्नुपर्‍यो। प्रगति कम भयो । यिनै सिकाइका आधारमा आगामी आर्थिक वर्षका कार्यक्रम कार्यान्वयनमा तदारुकता ल्याउनुपर्ने आवश्यकता छ । यसै सन्दर्भलाई ध्यानमा राखेर देहायका केही प्रयासहरू आगामी दिनको कार्यक्रम कार्यान्वयनमा थप प्रभावकारी हुने अपेक्षा गरिएको छ:

<u>देहायः</u>

- यस आ.व. को स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि माननीय मुख्यमन्त्रीज्यू र मा. मन्त्रीज्यूहरू एवम् माननीय मुख्यमन्त्रीज्यू र सचिवज्यूहरू बिच मिति २०७७/०४/०१ गते कार्यसम्पादन करार सम्पन्न भई समयमै कार्य सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गरिएको
- स्वीकृत कार्यक्रमहरूको स्पष्ट कार्यान्वयन कार्ययोजना तयार गरिएको तथा सोही बमोजिम समयमै कार्यान्वयन हुने

- सबै महाशाखा, शाखाहरूको कार्य विवरण तयार गरी कार्य जिम्मेवारी प्रदान गरिएको तथा सोही बमोजिम जिम्मेवार महाशाखा, शाखाबाट समयमै कार्य सम्पन्न हुने
- स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक ऐन/ नियम/ कार्यविधि/ निर्देशिका/ मापदण्ड २०७७ भाद्र महिना भित्र स्वीकृत गर्ने गरी तयार भइरहेको
- प्रदेश मन्त्रालय, केन्द्रीय निकाय तथा मातहतका कार्यालयहरूबाट सञ्चालन गरिने कार्यक्रमहरूको कार्य योजना अनुरूप प्रभावकारी सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन समयमै गरिने ।

अनुसूची -१

## प्रदेश सरकार वार्षिकोत्सव समारोहमा पुरस्कृत हुनेहरूको नामावली

क) प्रदेश सरकार वार्षिकोत्सव, २०७६ समारोहमा पुरस्कृत हुनुहुने कर्मचारीहरूको नामावली:

| सि नं | कर्मचारीको नाम,थर | पद/तह | सेवा/समूह | कार्यालय |
|---|---|---|---|---|
| १ | हरि प्रसाद अधिकारी (१०५९०९) | अधिकृत छैटौं | नेपाल प्रशासन/सामान्य प्रशासन | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | चिरञ्जीवी प्रसाद पौडेल (१०५१६०) | अधिकृत सातौं | नेपाल प्रशासन/सामान्य प्रशासन | प्रदेश नीति तथा योजना आयोग |
| ३ | कृष्णा कुमारी खरेल(१५१६२०) | अधिकृत छैटौं | नेपाल प्रशासन/सामान्य प्रशासन | प्रदेश सभा सचिवालय |
| ४ | मदन प्रसाद शिवाकोटी (१९९९४३) | कानून अधिकृत | नेपाल न्याय/कानुन | आन्तरिक मामिला तथा कानुन मन्त्रालय |
| ५ | प्रमोद सिम्खडा (२१८८३९) | अधिकृत सातौं | नेपाल प्रशासन/सामान्य प्रशासन | आर्थिक मामिला तथा योजना |
| ६ | दामोदर पाण्डे (२२९०२६) | सह-लेखापाल | नेपाल प्रशासन/लेखा | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ७ | सम्झना राना (१९७२८४) | सहायक पाँचौं | नेपाल प्रशासन/सामान्य प्रशासन | उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय |
| ८ | प्रदिप नारायण श्रेष्ठ (१३२४०३) | अधिकृत आठौं | नेपाल वन | उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय |
| ९ | इमनाथ पौडेल (१३७७२९) | अधिकृत दसौं | नेपाल वन/ज.फ. | उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय |
| १० | अरुण खनाल (१९४५९९) | अधिकृत आठौं | नेपाल कृषि सेवा | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| ११ | तिर्थ प्रसाद हुमागाईं (१५२२२२) | कार्यालय सहयोगी | नेपाल प्रशासन | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |

| | | | | |
|---|---|---|---|---|
| १२ | डा. बबलु ठाकुर (२३२८०२) | अधिकृत सातौं | नेपाल कृषि | पशु पँक्षी तथा मत्स्य विकास निर्देशनालय |
| १३ | डा.सहदेव भण्डारी (१३९४६३) | अधिकृत दसौं | ने.इन्जि/सिभिल/जनरल | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| १४ | पुण्यराम सुलु (१९०६५९) | अधिकृत आठौं | ने.इन्जिनियरिङ | यातायात पुर्वाधार निर्देशनालय |
| १५ | रामकिशोर प्रसाद यादव(१८९५७१) | अधिकृत छैटौं | ने.इन्जि/सिभिल/जनरल | पुर्वाधार विकास कार्यालय चितवन |
| १६ | पोषण बहादुर थापा (१५४८१५) | अधिकृत छैटौं | नेपाल प्रशासन/सामान्य प्रशासन | यातायात व्यवस्था कार्यालय हेटौंडा |
| १७ | सतिश विष्ट (१९०६५९) | अधिकृत दसौं | नेपाल स्वास्थ्य | सामाजिक विकास मन्त्रालय |
| १८ | श्री कृष्ण आचार्य (१९७४४१) | अधिकृत आठौं | नेपाल शिक्षा | सामाजिक विकास मन्त्रालय |
| १९ | सावित्री कुमारी पौडेल (१६२१३२) | अधिकृत दसौं | नेपाल स्वास्थ्य | भक्तपुर अस्पताल |
| २० | मिलन बराइली (२१७२५८) | सहायक पाँचौं | नेपाल स्वास्थ्य | धादिङ अस्पताल |

पुरस्कृत कर्मचारीहरूलाई प्रसंशापत्र एवम् जनही नगद रु २५०००(पच्चिस हजार रूपैया) प्रदेश सरकारको तर्फबाट उपलब्ध गराइएको थियो ।

ख) **प्रदेश सरकार वार्षिकोत्सव, २०७६ समारोहमा पुरस्कृत सम्मानित हुने संस्था तथा व्यक्तिहरूको विवरण**

| सि नं | संस्था तथा व्यक्ति | ठेगाना | क्षेत्र |
|---|---|---|---|
| १ | श्री मानव सेवा आश्रम | हेटौंडा | सामाजिक क्षेत्र |
| २ | श्री शैलुङ्ग गाँउपालिका | दोलखा | नागरिक सेवा प्रवाह |
| ३ | श्री कालिका गाँउपालिका | रसुवा | नागरिक सेवा प्रवाह |
| ४ | श्री हरिहरपुरगढी गाँउपालिका | सिन्धुली | नागरिक सेवा प्रवाह |
| ५ | श्री माडी नगरपालिका | चितवन | नागरिक सेवा प्रवाह |
| ६ | श्री पाँचखाल नगरपालिका | काभ्रेपलान्चोक | नागरिक सेवा प्रवाह |
| ७ | श्री सरोज चेपाङ | चितवन | नवपर्वतन क्षेत्र |
| ८ | श्री सामुदायिक बचत तथा ऋण सहकारी संस्था | काभ्रेपलान्चोक | सहकारी क्षेत्र |
| ९ | श्री जनप्रगति ब्राह्मण नौमती बाजाटोली | मकवनापुरगढी | सांस्कृतिक क्षेत्र |
| १० | श्री धिमाल झाँकी समूह | हेटौडा | सांस्कृतिक श्रेत्र |
| ११ | श्री रिपेश दहाल | हेटौंडा | रासस पत्रकारिता क्षेत्र |

सम्मानित हुने स्थानीय तहबाहेक व्यक्ति तथा संस्थाहरूलाई सम्मान पत्रसहित रु २५०००।-(पच्चिस हजार रूपैया) प्रदेश सरकारको तर्फबाट उपलब्ध गराइएको थियो ।